# इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.
च.नं.

मिति .....................

## प्रेस विज्ञप्ती

**इटहरी उपमहानगरका दुईवटा वडामा डेङ्गु रोगका दुईजना विरामी भेटिएपछि उपमहानगरले सुरु गरेको नियन्त्रण अभियानका वारेमा जानकारी दिन यो प्रेस विज्ञप्ती जारी गरिएको छ।**

इटहरी उपमहानगरमा डेङ्गु नियन्त्रण अभियानंलाई तिव्र वनाइएको छ । इटहरी उपमहानगरले इटहरीमा डेङ्गु फैलन नदिन विपद व्यवस्थापन समितिको वैठक राखेर अभियान सुरु गरिएको हो ।सवै वडामा वडाध्यक्षको नेतृत्वमा समिति निर्माण गरिएको छ । प्रत्येक वडामा स्वास्थ्यकर्मीको टोली परिचालन गरि जनचेतना मूलक कार्यक्रम सुरु गरिएको छ । डेङ्गु देखिएको वडा नम्वर ५ र ८ मा घरदैलो अभियान संचालन गरेर डेङ्गु रोग सार्ने लामखुटटेको खोजी र नष्ट अभियानलाई तिव्र वनाइएको छ । सवै वडावाट नमूना संकलन गरि पानी परीक्षण गरिने छ ।जनप्रतिनिधि,आमा समूह र सरोकारवाला निकायका ब्यक्तिहरु लाई अभिमुखिकरण गरिदैं छ । उपहानगरमा रहेका विद्यालयहरुमा विद्यार्थी, शिक्षक र सरोकारवाला व्यक्तिहरु लाई अभिमुखिकरण थालिएको छ। डेङ्गुरोग विरुद्ध सञ्चारमाध्यममा सचेतनामूलक समाग्री प्रशारण प्रकाशन गरिदैं छ।

यो रोग विरुद्ध सचेतना अभियान संचालन गर्न,पहिचान,परीक्षण र उपचार गर्न इटहरी अस्पतालमा हेल्पडेक्स स्थापना गरिएको छ । डेङ्गु फैलाउने भेक्टर लामखुट्टेको लार्भा,अण्डा पहिचान,व्यवस्थापन र नष्ट गर्ने कार्यकालागि अनुसन्धनात्मक भ्रमणका लागि प्रदेश सरकार,वीपी कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठान र जिल्ला स्वास्थ्य कार्यालय सुनसरीलाई अनुरोध गरिएको छ। डेङ्गु रोग सार्ने लामखुट्टे सफा पानीमा वस्ने भएकाले सफा पानी जम्मा गरेर नराख्न नगरवासीलाई आग्रह गरिएको छ । डेङ्गु रोग फैलन नदिन उपमहानगरले सुरु गरेको अभियानमा सवै पक्षको सहयोगका लागि उपमहानगर हार्दिक अनुरोध गर्दछ । मानवस्वास्थ्य सँग सम्वन्धित सम्वेदनशिल विषयलाई संचारमाध्यम मार्फत प्रकाशन र प्रशारण गरि दिन हुन सम्पूर्ण सञ्चारकर्मीमा अनुरोध गर्दछु ।

मिति २०७६।०२।२४

लक्ष्मी गौतम
कार्यवाहक प्रमुख

लक्ष्मी गौतम
का. वा. नगर प्रमुख